# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ १० गते ०९ साल

## भाग ४

## खाद्य भूमि-व्यवस्थामन्त्रालयको विज्ञप्ति

कहीं कहींबाट यस किसिमको खबर आएको छ कि सरकारले अनुचित तरिकाबाट थुपारी राखेको अन्न आषाढ १५ गतेसम्म जाहेर गरी सरकारले तोकिदिएको मोलमा बिक्री गराउने विज्ञप्ति प्रचार गरेकोमा यस्ता अनुचित तरिकाबाट थुपार्नेहरूले सरकारमा जाहेर नगरी जनतालाई आँखामा धुलो हाल्नलाई आफ्नो टोल इलाकामा केही सस्तो मोलमा अनाज बिक्री गर्न लागेकाछन्। त्यस किसिमबाट छकाएर सरकार वा जनता छकिन सक्तैन

बर्ता स्टक बिक्री गर्नालाई सरकारमा मसँग यति अनाज छ म बिक्री गर्न चाहन्छु भनी खाद्य भूमि व्यवस्था मन्त्रालयमा लेखाई सरकारले तोकि दिएको मोलमा तोकिदिएको ठाउँमा बिक्री गर्नु पर्दछ। नत्र यस किसिमबाट बिक्री गरेकोमा रुरु

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कार केही महत्व संभदैन। साथसाथै यही विज्ञप्तिद्वारा १० मुरीभन्दा बढता अन्नको स्टक भएका व्यापारीहरूलाई पनि सूचना गरिन्छ कि उनीहरूले आफूसँग बिक्रीलाई राखेको स्टक यही आषाढ १५ गतेभित्र खाद्य भूमि व्यवस्था मन्त्रालय-मा लेखाउन् र सरकारले तोकि दिएको मोलमा बिक्री गरुन् । नलेखाएमा अन्नका व्यापारीहरूको स्टक पनि अनुचित तरिकाबाट जम्मा गरेको ठहराई भएको स्टक जफत हुनेछ र सजायसमेत हुनेछ ।

खा. भू. मन्त्रालय.

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।